ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY




ग्रिन टि का फाइदा

❑ वर्ष-१० ❑ अङ्क-३५, २०७५ पुस २१ गते, शनिबार Jan.4, 2019 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या ६

## सप्तरीमा न्यानो लुगा विकेन



सप्तरी / पुस वित्न लाग्दा पनि सप्तरीमा जाडोको प्रभाव देखिएको छैन् । जोडोको प्रभाव नपरे पछि जाडोको लुगा विक्री नभएको व्यवसायीहरुल बताएका छन् ।

अत्यधिक शीतलहरका कारण विगतका वर्षहरुमा न्यानो लुगा बिक्री गरेर राम्रो आम्दानी कमाउँदैआएका व्यापारीहरु यसवर्ष भने निराश बनेका छन् । पुस बित्नै लाग्दा पनि दिनहुँजसो घाम लाग्ने गरेका कारण यहाँका सर्वसाधारणले जाडोको खासै अनुभूती गर्न नपाएको सप्तकोशी नगरपालिका-१ का नथुनी चौधरीले बताए ।

जाडोका लागि न्यानो लुगाहरु यहाँका व्यवसायीहरुले कार्तिक महिनादेखि नै चीन र भारतका साथै देशका विभिन्न शहरहरुबाट न्यायो लुगाहरु भित्राएका छन् । गत वर्ष जिल्लामा निरन्तर शीतलहर चलेका कारण कपडाहरु अत्यधिक विक्री भएकोमा यसवर्ष अलि थप लुगा भण्डारण गरेको कपडा व्यवयासी संघ सप्तरीका अध्यक्ष थानसिंह भन्सालीले बताए ।

पुसको पहिलो सातादेखि जाडो बढ्ला कि भने अनुमान गरेर आफुले पर्याप्त मात्रामा सिरक, डसना, ब्ल्याङ्केट, म्याट भण्डार गरेको जानकारी दिँदै उनले भने 'पुसको पहिलो सातामा दुई अलि अलि चिसो महशुस भएपछि आफुले करिब पाँच सय जति सिरक तयार पारेर राखेको छु, घाम लागेपछि अर्डर दिएकाहरुले पनि लगेको छैन । यसपालीको व्यापार डुब्ने जस्तै अवस्था देखिएकोले आफुहरुले गरेको लगानी समेत डुब्ने अवस्था आएको नागरिक समाज सप्तरीका कार्यवाहक अध्यक्ष समेत रहेका भन्सालीले दुःखेसो सुनाए ।

गत विगतका वर्षहरुको अवस्था हेरेर नै आफुहरु बाहिरबाट लुगाहरु आयात गर्ने गरेको जानकारी दिँदै उनले थपे 'यस्तै रह्यो भन्ने आफुहरुको व्यापार घाटा धान्न गाह्रो हुन्छ ।'

अत्यधिक लुगा बिक्री हुने समयमा यतिबेला ग्राहक कुर्दै कपडाव्यवसायीहरु घाम तापेर बस्ने गरेका छन । जाडोका लागि आयात गरिएका लुगाहरु बिक्री नहुँदा पूँजी समेत डुब्ने अवस्था सिर्जना भएको रेडिमेड कपडा व्यवसायी संघ सप्तरीका कोषाध्यक्ष सन्दिप चौधरीले बताए । जाडाकालागि राम्रा र महँगो लुगाहरु बाहिरबाट आयात गरेको जानकारी दिँदै उनले दैनिकजसो घाम लाग्ने गरेका कारण लुगा विक्री नभएर आफुहरुको चिन्ता बढ्दैगएको बताए ।

सप्तरी जिल्लामा सदरमुकाम राजविराज, कञ्चनरुप, भारदह, फत्तेपुर, रुपनगर, महुली, रुपनी, कल्याणपुर, बिसनपुर, कडरबोना, कुशहा, बर्साइन, पातो, हनुमाननगर, छिन्नमस्ता, नर्घा समेत गरी करिब दुई हजार कपडाका पसलहरु रहेका छन्। गतवर्ष सप्तरी जिल्लामा मात्रै चिसोले कठ्यांग्रिएर १९ जनाको मृत्यु भएको थियो ।

## सप्तरीमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान खोल्ने निर्णय




फत्तेपुर /सप्तरीमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न सरकारले तयारी थालेको छ । मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले सप्तरीको राजविराजमा प्रतिष्ठान स्थापना गर्ने निर्णय गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश नं २ को सप्तरीमा स्वास्थ्य बिज्ञान प्रतिष्ठान स्थानार्थ मन्त्री परिषदमा प्रस्ताव पेश गरेको थियो ।

प्रतिष्ठान स्थापना चिकित्सा शास्त्र अध्ययन गर्न चाहनेका लागि

बाँकी अन्तिम पृष्ठमा

## वाड अध्यक्षको घरमा गाँजाको बोट भेटिए पछि.....



फत्तेपुर /एक साता अघि सप्तरकी सप्तकोशी नगरपालिका ८ नं वडाका वडा अध्यक्ष केदार साहको करेशावारीमा गाँजाको बोट प्रहरीले फेला पारे पछि खैलाबैला मच्चिएको छ । जनप्रतिनिधिका

बाँकी अन्तिम पृष्ठमा

## लेखापरीक्षकहरुको लागि सुचना !

उपरोक्त सम्बन्धमा यो सुचित गरिन्छ कि जिल्ला सप्तरी सप्तकोसी नगरपालिका वडा न १ फत्तेपुरमा रहेको त्रियुगा सहकारी सस्था लि.को आ.व.२०७५२०७६ को बार्षिक लेखापरीक्षण गर्नको लागि (ख) वर्गका इच्छुक रजिस्टर्ड लेखा परीक्षकहरुको लागि यो सुचना प्रकाशित गरिएको छ । इच्छुक लेखापरीक्षकहरुले तपशिल अनुसारको सर्त सुबिधा पालना हुने वा पाउने गरि दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सर्त तथा सुबिधाहरु

(१) पेस गर्नु पर्ने कगजातहरु

(क) पेशागत प्रमाणपत्र को प्रतिलिपी थान १

(ख) लेखा व्याबसायी सस्था (फर्म) नवीकरण निस्सा थान १

(ग) स्थायी लेखा न.(उबल) दर्ता प्रमाणपत्र थान १

(घ) कर चुक्ता प्रमाणपत्र थान १

(२) सेबा सुबिधाहरुः

(क) साधारणसभा को निर्णय वा दुई तर्फी सम्फौता अनुसार पारिश्रमिक निर्धारण गरिने छ ।

(३)२०७५/९/२८गते हुने साधारणसभामा पेश गर्नु पर्ने भएकोले दर्खास्त लिने अन्तिम मिति २०७५/९/२० गते सम्म छ ।

सम्पर्क

त्रियुगा सहकारी सस्था लि.

सप्तकोसी नगरपालिका ,फत्तेपुर ०३१-५५०१४४ Email-triyugacos1@gmail.com

**वाड...**

घरमा गाँजा भएको विषयमा जनता टाइम्स साप्ताहिकले समाचार प्रकाशित गरे पछि प्रहरीलाई जनप्रतिनिधिहरुले समाचार किन दिएको भनेर दवाव दिन थालेको श्रोतले बताएका छ।

फत्तेपुर चौकीका सई उमाशंकर सिंहलाई वडा अध्यक्ष तथा मेयरलेसमेत जनप्रीतिनिधिको घरमा गाँजा भनेर किन समाचार दिएको भनेर खण्डन गर्न लगाउन दवाव दिएको श्रोतले बताएको छ। सशस्त्र प्रहरी र जनपथ प्रहरीको संयुक्त टोलीले नगरका विभिन्न वाडहरुमा गाँजा फडानी गरेको थियो।

**सप्तरीमा...**

अवसर र प्रदेश नं १ र २ का बिरामीहरुले उपचार सुविधा प्राप्त हुने मन्त्रालयले जनाएको छ।

मन्त्रालयले प्रशासन मन्त्रीपरिषद्को निर्णयका बारेमा जानकारी दिँदै जारी गरेको प्रेस विज्ञेप्तीमा स्वास्थ्य बिज्ञान प्रतिष्ठानको स्थापनासँगै स्थानीय तहमा सुलभ र आफ्नै गाउँमा स्वास्थ्य सेवा सविधाका साथै रोजगारीका अवसर प्राप्त हुने बताइएको छ।

'विकासको दृष्टिकोणमा पछि परेको सप्तरी जिल्ला प्रतिष्ठान स्थापनासँगै बिकासमा फड्को मार्न सघाउ पुग्ने, र नेपालका १ र २ न प्रदेशका स्थानीयले सेवा सुविधा पाउनुका साथै छिमेकी मुलुक भारतका जनताले पनि सेवा प्राप्त गर्न सक्नेछन, विज्ञप्तीमा भनिएको छ। प्रतिष्ठानको रुपमा प्रदेश १ मा रहेको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान राजनीतिक गर्ने अखडा भई सेवा सुविधा जनताले राम्रो पाउन छाडे पछि प्रदेश २ ले बीपी प्रतिष्ठानको विकल्पमा आफ्नै क्षेत्रमा स्तरीय स्वास्थ्य प्रतिष्ठा स्थापना गर्न संघीय सरकारसँग माग गरेको थियो।

बीपी प्रतिष्ठानको विकल्प खोज्न स्वास्थ्य मन्त्रि पनि पोजेटिप देखिएका छन्। उनको निर्वाचन क्षेत्र पनि सप्तरी भएकाले सप्तरीमा स्तरिय स्वास्थ्य प्रतिष्ठान संचालनको सम्भावना बढेको छ।


## अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस। हामी तपाईको सेवामा तत्पर छौं।

**हाम्रा सेवाहरु**

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पूर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।

**प्रो.पपुलर चौधरी**

**सप्तकोसी डेन्टल क्लिनिक**

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७




**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


## तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

**हाम्रा उपलब्ध सेवाहरु**

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा






**फत्तेपुर पोलिक्लिनिक(प्रालि)**

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७


## सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ।
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ।
- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
- शहरलाई प्लाष्टीक र प्रदुण्ययुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ। कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्रयोग गरौ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुर्याऔ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ।
- सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार शाखा प्रमुख: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स्
JANATA TIMES WEEKLY

## सम्पादकीय....................

### मन्त्रिको पत्रकारलाई धम्की

प्रदेश २ का सामाजिक विकासमन्त्री नवलकिशोर साहले पत्रकारलाई जुत्ता हान्ने धम्की दिएर चर्चामा आएका छन् । राजपाभित्रको आन्तरिक विवाद चुलिएका बेला राजपाबाटै मन्त्री बनेका साह भने पत्रकारलाई गाली गरेर आलोचित बनेका छन् । उनले आफ्ना र पार्टीका कर्तुत लुकाउने प्रयास गरेका छन् ।

सप्तरीको हुनुमाननगर कंकालिनी नगरपालिका १४, रम्पुरा मलहनीयामा आयोजित हलुवाई समाज नेपालको जिल्ला अधिवेशनमा सहभागी हुने क्रममा साहले पत्रकारलाई सार्वजनिक रूपमा अपमान हुने गरि पत्रकारलाई जुत्ता हान्नेसम्मको अभिब्यक्ति दिनु मन्त्रिको निच सोच हो ।

धम्कीबारे चौतर्फी विरोध आए पछि उनले आफ्नो बचन जस्ताको तस्तै फिर्तालिएको सार्वजनिक रूपमा माफी मागेका भए पनि मन्त्रिबाटै यस्तो अभिब्यक्ति आउनुले स्वतन्त्र प्रेसप्रति प्रदेश सरकारको नजर राम्रो मान्न सकिदैन् । राजनितिक दलहरूको नेता तथा सरकारमा सहभागी मन्त्रिहरूले नै आफुले गरेका गल्ती प्रेस औंलाउदा आपति जनाउने मात्र होईन, ज्यान मार्नेसम्मको धम्की आउनुले नेपालमा पत्रकार सुरक्षित छैनन् भन्ने प्रष्ट हुन्छ । स्वतन्त्र प्रेसप्रति प्रदेश तथा संघीय सरकार जिम्मेवार बन्नु पर्दछ ।

### ☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१–५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# मधेशमा वैकल्पिक शक्तिको निर्माण

❑ आर.डी. आजाद

**२०६५ साल जेठ १५ गते प्रथम चोटी प्रचण्ड नेतृत्वको सरकारमा गएदेखि बाबुराम भट्टराई नेतृत्वका सरकारसँग खिलराज रेग्मी नेतृत्वको सरकारसम्म सहभागी भए । सरकारमा जाँदाखेरी यिनीहरूले केही एजेण्डा त अगाडि ल्याउँछन् र राज्यपक्षसम्म केही सम्झौता त गर्छन् तर त्यो सम्भौतामाथि कति दृढ रहन्छन् त्यो सबैले बुझेकै छौं । वास्तवमा यिनीहरूलाई मधेशसँग केही लिनु दिनु नै छैन । यिनीहरूको मुख्य लक्ष्य भनेकै सत्ता प्राप्ति हो । यिनीहरूको सत्ताका लागि मात्र एकजुट हुन्छन् र विभिन्न समयमा अनेक मुद्दालाई सतहमा ल्याइरहन्छन् । यी दलहरू मधेशबाट संचालित छैनन् । कुनै बाहिरी शक्ति केन्द्रबाट संचालित छन् भन्ने लाग्छ । घटनाक्रमले बताइराखेको छ कि यिनीहरू मधेशका समस्याहरूलाई गम्भीर रूपमा लिएर समाधान गर्न तर्फ उन्मुख हुँदैनन् र विभिन्न बहानामा मधेशको मुद्दा जिउँदै राखेर त्यसबाट फाईदा लिन चाहन्छन् ।**

मधेश आन्दोलनमा मधेशी जनताले आफ्नो हक अधिकारका लागि बलिदानी दिएका छन् । २०४७ सालदेखि अहिलेसम्म विभिन्न रुपमा जसरी संघर्षहरु भए त्यसबाट मधेशका मुद्दाहरु स्थापित भएका हुन् । भूमिगत समूहबाट र मधेश आन्दोलनमा गरेर ५०० जनाभन्दा बढी मधेशीहरुले शहादत प्राप्त गरिसकेका छन् । हजारौंको संख्यामा घाइते भए तर मधेशले खोजेको माग र मागेका अधिकारहरु अहिलेसम्म प्राप्त भएको छैन । संघीय समाजवादी फोरम, जसरी नयाँ नाम लिएर उदय भयो र विभिन्न साना साना ६ दलहरु मिलेर राजपा नेपाल पार्टीको निर्माण भयो, यिनीहरु मधेशको मागप्रति इमान्दार नभएर सत्ता र भत्ताको राजनीतिमा मात्र लागे । मधेशमा शुन्यता देख्या परेको छ र यही शुन्यताको अवस्थामा राजपा र फोरमले मधेशको मुद्दालाई लिएर अगाडि बढ्न सक्दैन । यिनीहरु सत्ता समपर्णवादी र मुद्दा विसर्जनवादी पार्टीको रुपमा मात्र रहे । यो अवस्थामा तमरा अभियानले मधेशमा एउटा नयाँ राजनीतिक शक्तिको विकास गर्ने उद्देश्यले द्रुत गतिले अगाडि बढिरहेको छ ।

फोरम र राजपाले विगतमा जे(जसरी राजनीति गरेर, मधेशीको साथमा बेइमानी गरेर २०७४ साल मंसिर २१ गतेको चुनावमा एक मौका दिऊँ के हुन्छ, भनेर हेर्ने खोजेका थियौं । विगतमा गरेका गल्तीहरुलाई सुधारेर मधेशको राजनीतिलाई सही टूयाकमा ल्याउँछन् कि भनेर हामीले हेरेर बसेको स्थिति पनि थियो । तर, भित्रभित्रै हामीले जनताको बीचमा विचारहरुको सम्प्रेषण गरिरहेका थियौं । अब उचित समय आइसकेको छ । हाम्रो अभियानलाई सांगठनिक रुप दिएर अगाडि बढ्नुपर्छ भन्ने हिसाबले अगाडि आएका छौं ।

सिके राउतजीको स्वतन्त्र मधेशको एउटा अर्को धार छ हामी त्यसभित्र छैनौं । हामी समग्र मधेश एक प्रदेश, अन्तर्राष्ट्रिय मूल्य र मान्यताअनुसार अधिकार सम्पन्न स्वायत्त मधेशको कुरा गर्दैछौं । अहिले मधेशमा सीके राउतजीको धार र हाम्रो धार गरी दुई धार मात्र छन् । फोरम र राजपालाई एउटा शक्तिको रूपमा मान्नुहुन्छ भने त्यो एउटा ठूलो भूल हुनेछ । उनीहरु केही धार वा शक्ति होईनन् । उनीहरु मधेशको राजनीतिबाट स्थापित भएर नेपाली कांग्रेस र कम्युनिष्ट जस्तै सत्तामुखी धार मात्र हुन् । उनीहरुलाई मधेश र मधेशी जनतासँग कुनै सरोकार छैन ।

मधेशको राजनीति त्यति परिपक्क भइसकेको छैन । मधेशी जनताको स्थानीय र प्रदेशको चुनावमा कुनै विकल्प थिएन । यही दलहरुको आह्वानमा विभिन्न आन्दोलनहरु भए, यत्रो बलिदान मधेशी जनताले दिएका छन् एकपटक यिनै दललाई मतदान गरौं भनेर मात्र मधेशका जनताले मत दिएका हुन् । आउने दिनमा मधेशी जनता पनि सचेत हुनेछन् र यस्ता दलहरुलाई मधेशको धर्तीबाट लखेट्ने नै छन् ।

२०७० साल जेठ २ गते सबै मधेशवादी दलहरु बसेर मधेशलाई ६ टुक्रामा बाँड्ने भन्ने सम्झौतामा हस्ताक्षर गरेकै हुन् । त्यो समयमा स्थापित भएको मान्यतालाई नै खस सत्ताले ६ टुक्रामा मधेशलाई विभाजित गरेर अहिलेको अवस्थामा ल्याएको हो । दुई प्रदेश वा ६ प्रदेश भन्ने यिनीहरुको वास्तविक माग होईन । यिनीहरुको वास्तविक माग जसरी पनि मधेशको मुद्दालाई चुनावमा उठाएर आन्दोलनको नाममा मधेशी जनताको हत्या गराएर, मधेशको जनतालाई भोट बैंकको रुपमा प्रयोग गर्नु हो यही मान्यता अनुसार नै फोरम र राजपाले राजनीति गर्दैछ ।

राजनीतिमा सबै सम्भावनाहरु जिवित रहन्छन् । मधेशको जनताको संगठित शक्तिमा निर्भर हुने कुरा हुन् । राज्यले मधेशीको कमजोरीको फाइदा उठाएर मधेशी दलहरुको एउटा भरियागिरी प्रवृतिको सिर्जना गरिदिएको छ । जुन यही सरकारका प्रतिनिधिको रुपमा काम गर्छन् । यसै कारणले गर्दा मधेशको खण्डीकरण हुन गयो । संविधानले खाली संघीयताको खोल मात्र ओढेको छ । वास्तविक अर्थमा यो संविधान नै होइन । यसमा प्रदेशको आर्थिक, राजनीतिक अन्य विभिन्न अधिकारहरु सबै संघमा नै केन्द्रित गरिएको छ । प्रदेश र त्यहाँको मुख्यमन्त्री भनेको एउटा देखावटको लागि मात्र राखेर अधिकारविहीन बनाइएको छ । संघीयता भनेकै काठमाडौं केन्द्रित अधिकारलाई विभाजन गर्नु हो तर यो अर्थमा नेपालमा संघीयता कार्यान्वयन हुने देखिदैंन ।

एक प्रदेश एक प्रदेशको मुद्दा उठ्दाखेरी थरुहटहरु यसको विरोधमा छन् भनेर राज्यद्वारा सुनियोजित तरिकाबाट उब्जाइएका मुद्दा र हल्ला मात्र हुन् । २०६८ सालको जनगणना अनुसार लगभग २४/२५ लाख जनसंख्या थारुहरुको मधेशमा भएर पनि थारुहरुले के पाए त ? उनीहरुले कुनै थरुहट राज्य वा कुनै संरक्षित क्षेत्र पाए ? थारुहरुले पनि राज्यद्वारा फैलाइने भ्रममा नपरी एक मधेश एक प्रदेशको पक्षमा लाग्छन् भन्ने मलाई विश्वास छ ।

२०६५ साल जेठ १५ गते प्रथम चोटी प्रचण्ड नेतृत्वको सरकारमा गएदेखि बाबुराम भट्टराई नेतृत्वका सरकारसँग खिलराज रेग्मी नेतृत्वको सरकारसम्म सहभागी भए । सरकारमा जाँदाखेरी यिनीहरुले केही एजेण्डा त अगाडि ल्याउँछन् र राज्यपक्षसम्म केही सम्झौता त गर्छन् तर त्यो सम्भौतामाथि कति दृढ रहन्छन् त्यो सबैले बुझेकै छौं । वास्तवमा यिनीहरुलाई मधेशसँग केही लिनु दिनु नै छैन । यिनीहरुको मुख्य लक्ष्य भनेकै सत्ता प्राप्ति हो । यिनीहरुको सत्ताका लागि मात्र एकजुट हुन्छन् र विभिन्न समयमा अनेक मुद्दालाई सतहमा ल्याइरहन्छन् । यी दलहरु मधेशबाट संचालित छैनन् । कुनै बाहिरी शक्ति केन्द्रबाट संचालित छन् भन्ने लाग्छ । घटनाक्रमले बताइराखेको छ कि यिनीहरु मधेशका समस्याहरुलाई गम्भीर रुपमा लिएर समाधान गर्न तर्फ उन्मुख हुँदैनन् र विभिन्न बहानामा मधेशको मुद्दा जिउँदै राखेर त्यसबाट फाईदा लिन चाहन्छन् ।

सरकारलाई समर्थन गर्नु भनेकै सरकारमा प्रत्यक्ष रुपमा बस्नु हो । जनतालाई भ्रम छर्नको लागि त जे पनि भन्न सकिन्छ तर सरकारको समर्थन नै अप्रत्यक्ष रुपमा सरकारमा सहभागी हुनु हो । यिनीहरुको चरित्रलाई मधेशी जनताले राम्रोसँग बुझेका छन् र आउने निर्वाचनमा यी दललाई मधेशी जनताको साथ रहन्छ भन्ने लाग्दैन । अस्ति प्रधानमन्त्री केपी ओलीलाई राजपाका नेताहरु भेट्न गएका थिए । ओलीजीले प्रष्ट रुपमा भन्नुभएको छ कि ( तपाईहरुले केन्द्रीय सरकारलाई दिएको समर्थन फिर्ता लिनुहुन्छ भने २ नम्बर प्रदेशमा हाम्रो पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएर सरकार निर्माण गर्छ । त्यही भएर यिनीहरु केही जवाफ नदिई फर्किएका हुन् । यिनीहरुले सरकारलाई दिएको समर्थन फिर्ता लिएर सडक आन्दोलन गर्ने भन्नु बहाना मात्र हो । राजपा नेपाल सत्तामा जानको लागि बार्गेनिङ मात्र गर्दैछ ।

प्रधानमन्त्रीले सुरुदेखि नै औचित्य र आवश्यकताको आधारमा संविधान संशोधन गर्छौं भन्दै आउनुभएकै हो । ओलीजीले अहिले पनि आफ्नै विचारमा दृढ छन् । राजपाका नेताहरु गईसकेपछि खोक्रो आश्वासन मात्र दिएका हुन् । दुवै पक्षले मधेशी जनतालाई झुक्याउने मात्र हुन् ।

वार्ता त चुनावको पहिलेदेखि नै भएकै हो । दुई कारणले गर्दा यी पार्टीहरुबीच एकीकरण सम्भव छैन । पहिलो उपेन्द्रजी कतैबाट संचालित छन् भने राजपा अन्तै कतैबाट संचालित छ । यिनीहरुको इच्छा फरक फरक छ । उपेन्द्र यादवमा जस्तो किसिमको राजनीतिक अहंकार, राजनीतिक संस्कारविहीन अवस्था र सत्ता लोलुप्पता छ । यी कुराहरुलाई हेर्दा उपेन्द्र यादवले सहजै एकीकरण गर्लान् भन्ने लाग्दैन । यदि एकीकरण भईहाल्यो भनेपनि त्यसले खासै अन्तर केही पार्छ जस्तो लाग्दैन । (मधेश दर्पण)

# कादर खानलाई यस्तो रोग लागेको थियो

बिबिसी /क्यानडाको एक अस्पतालमा निधन भएका कादर खानका छोरा सरफराज खानका अनुसार उनका पितालाई १६/१७ हप्तादेखि अस्पतालमा भर्ना गरिएको थियो। ३१ डिसेम्बरको साँझ उनको निधन भएको थियो।

उनले भने, उनको अन्तिम संस्कार क्यानडामैं गरिनेछ। हाम्रो परिवार यहीँ छ र हामी यहीँ बस्दै आएकोले त्यसो गर्न लागेका हौं। प्रार्थना र आशीर्वाद दिने सबैलाई धन्यवाद दिन्छौं।

८१ वर्षीय कादर खानलाई सास फेर्न गाह्रो भइरहेको थियो। त्यसैले डाक्टरहरूले उनलाई नियमित भेन्टिलेटरबाट विशेष भेन्टिलेटरमा राखेका थिए।

उनलाई शरीरको विभिन्न भागमा असर पुर्‍याउने प्रोगेसिभ सुपरान्यूक्लियर पाल्सी पीएसपी भन्ने रोग लागेको थियो। ब्रिटेनको स्वास्थ्य सेवा निकाय न्याशनल हेल्थ सर्भिसका अनुसार पीएसपी एउटा दुर्लभ स्थिति हो जसको असरले शरीरको सन्तुलन बिग्रिन जान्छ र बिरामीलाई हिँडडुल गर्न, हेर्न, बोल्न र खानेकुरा निल्न अप्ठ्यारो हुन्छ। समयसँगै मस्तिष्कका कोषमा क्षति पुग्नाका कारण त्यस्तो हुन जान्छ। ६० वर्षको उमेर नाघेका मानिसलाई यो रोगले सताउने गरेको छ।

**पीएसपी रोग लाग्ने कारण के हुन ?**

तउ नामको प्रोटिन बढ्दै जानाले मानिसको मस्तिष्कको एक भागका कोषहरू बिग्रिन थालेपछि पीएसपी देखा पर्छ। तउ नामक प्रोटिन मस्तिष्कमा हुन्छन् र ती बढ्नु अगावै फुट्न थाल्दछन्।

पीएसपी रोग लागेका मानिसमा भने ती ठीक तरिकाले फुट्दैनन् र मस्तिष्कको कोषमा गुच्छा बन्न थाल्छन् र त्यसले जोखिम बढाउने गर्दछ। गुच्छाको आकार र संख्या फरक पर्ने हुनाले बिरामीहरूमा यो रोगका लक्षणहरू पनि फरक हुने गर्दछन्।

**लक्षण के के हुन ?**

पीएसपीको लक्षण समय अनुसार फेरिने र गम्भीर हुने गर्दछ। शुरुमा लक्षण अन्य बिरामीको जस्तै देखिन्छन त्यस्तो बेला पीएसपी पत्ता लगाउन कठिन हुने गर्दछ।

**प्रमुख लक्षण यस्ता हुन्छन्**

सन्तुलित रहन र हिँडडुल गर्न कठिन हुनु

बारम्बार लडिने हो कि भनेर डर लागिरहनु

आनीबानीमा फेरबदल हुनु

मांशपेशिहरू कडा हुनु

आँखाको चलमल नियन्त्रण गर्न नसक्नु

बोल्न झर्को लाग्नु र चुपचाप रहनु

निल्न कठिन हुनु

सम्झना शक्ति क्षीण हुनु

**बिरामी कसरी पत्ता लगाउने ?**

सबैभन्दा ठूलो समस्या यो होस् चिकित्सा विज्ञानले अहिलेसम्म पीएसपी पुष्टि गर्ने कुनै निश्चित परीक्षण विकास गरिसकेको छैन। लक्षणहरूको निरन्तर अनुगमन र विश्लेषण गरेर बिरामी पत्ता लगाउने गरिएको छ।

यो रोगका अधिकांश लक्षण पार्किन्सन्स रोगका लक्षणसँग मेल



खाने हुँदा चिकित्सकहरूलाई पीएसपी पत्ता लगाउन कठिन हुने क्रम जारी छ। पीएसपी रोग पत्ता लगाउन मस्तिष्कको स्क्यान गराउन आवश्यक पर्छ। यो रोगका बिरामीलाई न्यूरोलोजिस्ट अर्थात मस्तिष्क चिकित्साविद्लाई देखाउनु पर्छ।

**यो रोगको उपचार के हो?**

संसारमा अहिलेसम्म पीएसपीको निश्चित उपचार विकसित भइसकेको छैन। तर नयाँ उपचारको खोजी गर्नका लागि अनुसन्धानहरू जारी छन ती अनुसन्धानहरू लक्षण पत्ता लगाएर रोगलाई नियन्त्रण गर्ने उपाय पहिचान गर्न केन्द्रित छन बिरामी अनुसार उपचारका विधि पनि फरक पर्छन।

**केही प्रचलित उपचार यस्ता छन:**

**सन्तुलन कायम राख्नको लागि औषधिहरू**

हिँडडुल गर्न सहज बनाउनको लागि फिजियोथेरापी

बोल्न र निल्न सहज बनाउने अभ्यास

दैनिक काम सहज तुल्याउन अर्को थेरापी जसलाई अक्यूपेशनल थेरापी पनि भनिन्छ

हेर्न सहज तुल्याउन विशेष चस्मा

खाना खुवाउन सहज बनाउन फिडिङ्ग ट्युब भनिने खुवाउने पाइपको प्रयोग




ग्रिन टी अक्सिडाइज नगरिएका पत्तीबाट बनाइन्छ र प्रशोधन पनि कम हुन्छ, त्यसैले यसमा एन्टिअक्सिडेन्ट तत्व बढी हुन्छ र लाभकारी प्राकृतिक तत्व पोलिफेनल हुन्छन्।

ग्रिन टी भारत र चीनमा रगत रोक्न, घाउ निको पार्न, पाचन प्रणालीलाई मजबूत पार्न, मुटु तथा मानसिक स्वास्थ्य तथा शरिरको तापक्रम नियमित राख्न औषधिको रुपमा प्रयोग गरिन्छ। पछिल्ला अनुसन्धानले ग्रिन टीले तौल घटाउनेदेखि लिएर कलेजोको समस्या तथा टाइप टु डाइबेटिजसम्मका लागि पनि सकारात्मक असर पर्ने पुष्टि गरेका छन्।

चिनी नहालिएको ग्रिन टीमा जिरो क्यालोरी हुन्छ। यसमा क्याफिनको मात्र निकै थोरै हुन्छ, उदाहरणका लागि एक कप ब्ल्याक टीमा क्याफिनको मात्रा ५० मिलिग्राम हुन्छ, कफीमा ९५ मिलिग्राम हुन्छ भने ग्रिन टीमा २० देखि ४५ मिलिग्राम मात्र हुन्छ। ग्रिन टी संभवत: विश्वमै सबैभन्दा स्वस्थ पेय मानिन्छ जसमा अन्य चियामा भन्दा उच्च एन्टिअक्सिडेन्ट हुन्छन्। यसमा पोलिफेनल्स नामक प्राकृतिक रासायनिक पदार्थ हुन्छन् जसमा क्यान्सर तथा जलन निवारण गर्ने क्षमता हुन्छ।

नेशनल क्यान्सर इन्सिच्युटका अनुसार ग्रिन टीमा पाइने पोलिफेनलले ट्युमर घटाउन मद्दत गर्छ र पराबैजनी किरणबाट हुने क्षतिबाट बचाउँछ। ग्रिन टी उपभोग बढी हुने देशमा क्यान्सरको दर पनि कम भएको पाइएको छ। तर, क्यान्सर घट्ने कारण ग्रिन टी नै हो कि त्यहाँका मानिसको ज्ञड हो भन्ने बारेमा पनि अझैं पनि स्पष्ट भैसकेको छैन। अध्ययनहरुमा ग्रिन टी उपभोग नगर्नेभन्दा गर्नेमा प्याङ्क्रियाटिक क्यान्सर हुने सम्भावना ५० प्रतिशत कम भएको पत्ता लागेको थियो।

ग्रिन टीले महिलाहरुको स्तन, ब्लाडर, पाठेघर, फोक्सो, प्रोस्टेट, छाला तथा पेटको क्यान्सरमा सकारात्मक प्रभाव पारेको पाइएको थियो। अनुसन्धानकर्ताहरुले के विश्वास गरेका छन् भने ग्रिन टीमा पाइने पोलिफेनल तत्वले क्यान्सरयुक्त कोषिकाहरु मार्न सहयोग पुर्‍याइ बढ्नबाट बचाउँछ।

सन् २००६ मा अमेरिकन मेडिकल एशोसियसनको जर्नलमा प्रकाशित अनुसन्धानमा निष्कर्ष निकालिएको छ- ग्रिन टीको उपभोग मुटुजन्य रोगबाट हुने मृत्युदरलाई कम गर्नेसंग संबन्धित छ। यो अध्ययनका क्रममा ४० देखि ७९ वर्षबीचका ४० हजार जापानीलाई ११ वर्षसम्म अध्ययन गरिएको थियो। दैनिक ५ कपसम्म ग्रिन टी खाने मानिसलाई तुलनात्मक रुपमा मुटुसंबन्धी रोग कम लागेको पाइएको थियो। यस्तै, अर्को अध्ययनमा दैनिक १० कपसम्म ग्रिन टी खानेमा कोलेस्टेरोल कम भएको पाइएको थियो, तर, दैनिक ४ कप वा सोभन्दा कम खानेमा कोलेस्टेरोल लेबलमा कुनै परिवर्तन आएको थिएन।

अध्ययनहरुले ग्रिन टी सेवन गर्नाले टाइप टु डायबेटिज हुने सम्भावना कम रहेको पाइएको छ। तर, केही अनुसन्धानकर्ताले भने ग्रिन टी उपभोग र डायबेटिजमा कुनै संबन्ध नरहेको दाबी गरेका छन्।

केही अध्ययनमा ग्रिन टीको कारणले तौल घटेको पाइएको थियो, तर, तौल घटाउन ग्रिन टी नै लाभकारी हुने कुरा भने महत्वपूर्ण नभएको केही अनुसन्धानकर्ताको भनाई छ। यस्तै, अर्को अध्ययनहरुले ग्रिन टीले दाँतको सडन, छालाको समस्या, आर्थराइटिसजस्ता समस्या समाधान गर्ने पत्ता लागेको छ।

पछिल्लोपटक जर्नल अफ द अमेरिकन हार्ट एशोसियसनमा नियमित ग्रिन टी उपभोग गर्नाले स्ट्रोकको खतरा कम हुने उल्लेख गरिएको छ। यस्तै, बेलायती अनुसन्धानकर्ताहरुले ग्रिन टीले प्रोस्टेट क्यान्सरविरुद्ध लड्न मद्दत पुर्‍याउने उल्लेख गरेका छन्। उनीहरुले ग्रिन टीसंगै ब्रोकाउली, बेसार तथा अनारले क्यान्सरविरुद्ध लड्न मद्दत पुर्‍याउने बताएका छन्।

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।**

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।**

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।**

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।**

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।**

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।**

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।**

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।**

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।**

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।**

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।**

# प्रदेशमन्त्रीको पत्रकारलाई जुत्ता हान्ने धम्की



राजविराज / प्रदेश २ का सामाजिक विकासमन्त्री नवलकिशोर साहले पत्रकारलाई जुत्ता हाल्ने धम्की दिएका छन राजपाभित्रको आन्तरिक विवाद चुलिएका बेला राजपाबाटै मन्त्री बनेका साह भने पत्रकारलाई गाली गरेर चर्चामा आलोचित बनेका छन

शनिबार सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४, रम्पुरा मलहनीयामा आयोजित हलुवाई समाज नेपालको जिल्ला अधिवेशनमा सहभागी हुने क्रममा साहले पत्रकारलाई सार्वजनिक रुपमा अपमान गरेका थिए। उनले पत्रकारलाई जुत्ता हान्नेसम्मको अभिव्यक्ति दिएका थिए। हनुमाननगर कंकालिनी साहको गृहनगर हो ।

'जनकपुरमा घर भएका माननीयले पनि घरभाडा बापतको सुविधा लिएको विषयमा पत्रकारले जिज्ञासा राखेपछि मन्त्री साहले 'पत्रकारले झुटको खेती गरिरहेकाले त्यस्ता पत्रकारलाई जुत्ताले हान्नुपर्छ भन्ने अभिव्यक्ति दिएका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष समेत रहेका संघिय प्रेस फोरमका प्रदेश अध्यक्ष श्यामसुन्दर यादव, राजपा निकट प्रेस मञ्चका जिल्ला अध्यक्ष शुभचन्द्र झा समेत थिए। यादव लगायतका पत्रकारले फेसबुक टाईमलाईनमा साहको अभिव्यक्ति प्रति आलोचना गरेका छन् ।

धम्कीबारे चौतर्फी विरोध आए पछि उनले आफनो बचन जस्ताको तस्तै फिर्तालिएको सार्वजनिक रुपमा माफी मागेका छन् ।

# ३ सय ४८ थान बन्चरोसहित ३ भारतीय पक्राउ



राजविराज / भन्सार छली गरी भारतीय क्षेत्रबाट नेपाल भित्र्याइएको डेढ लाख मूल्य बराबरको बन्चरोसहित ३ जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

सप्तरीको बोदेबर्साइन नगरपालिका-९ श्वर्णपट्टीबाट भारतीय नागरिक ३५ वषीय लाल झम्कड, ४० वषीय धिरेन र ३५ वषीय लखनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनीहरूको साथबाट १ लाख ४० हजार बराबरको ३ सय ४८ थान बन्चरो बरामद भएको डिएसपी भावेश रिमालले बताए । बरामद भएको सामानसहित तीनै जनालाई भन्सार कार्यालय कुनौलीमा बुझाइएको छ ।

# प्रेसको दुरुपयोग रोक्न महासंघको निर्णय




सप्तरी/ प्रेसको अत्यधुनिक दुरुपयोग भएको निष्कर्षसहित नेपाल पत्रकार महासंघ सप्तरी शाखाले त्यसलाई रोक्ने निर्णय गरेको छ ।

प्रेसको दुरुपयोग भइरहेकोप्रति महासंघले गम्भीरतापूर्वक लिएको र त्यसलाई नियन्त्रण गर्न आवश्यक कदम चालिने महासंघका कार्यबाहक अध्यक्ष श्यामसुन्दर यादवले बताए ।

पत्रकार तथा सञ्चार गृहहरूले प्रेस प्रयोजनमा प्रयोग गर्दै आएका सवारी साधनको रेकर्ड राख्ने र अनाधिकृत रुपमा प्रेसको दुरुपयोग गरेको पाइए कारबाहीका प्रकृया अघि बढाउने उनले जानकारी दिए ।

बैठकले न्यूनतम योग्यता एवम् मापदण्ड पूरा गरेका व्यक्तिलाई मात्र पत्रकारको रुपमा राख्न सञ्चारमाध्यमलाई आग्रहसमेत गरेको छ। न्यूनतम शैक्षिक योग्यतासमेत नभएका र विद्यालय जाने उमेरका बालबालिकालाई समेत पत्रकारको रुपमा खटाउने प्रवृत्ति देखिएकाले यस्तो निर्णय गरिएको यादवले बताए ।

यस्तै, शाखाको वार्षिक साधारण सभा र पत्रकार लोकेन्द्र बुढाथोकी स्मृति दिवस आगामी पुस २६ गते मनाउने निर्णय पनि गरिएको छ ।

शाखाले पत्रकार लोकेन्द्र बुढाथोकी स्मृति दिवसको अवसर पारी हरेक वर्ष एक जना पत्रकारलाई 'लोकेन्द्र स्मृति पत्रकारीता पुरस्कार प्रदान गर्दै आएको छ ।






# प्रहरीको गाँजा फडानी अभियान



फत्तेपुर / नागरिकको सुरक्षालाई मध्य नजर गर्दै सप्तरी प्रहरीले थालेको गाँजाको बोट फडानी कार्यलाई तिव्रता दिएको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार गत सातामा मात्रै जिल्लाको विभिन्न स्थानमा स्थानीयहरुले लगाएको दुई हजारबढी गाँजाको बोट फडानी गरि नष्ट गरिएको छ। ७५ घरधुरीमा स्थानीयहरुले लगाएको सो गाँजाको बोट फडानी गरि नष्ट गरिएको डिएसपी भावेश रिमालले बताए।

शनिवार जिल्ला प्रहरी कार्यालय र प्रहरी चौकी तिलाठीको संयुक्त टोलीले तिलाडी कोइलाडी गाउँपालिका वडा नं १ र २ लौनियाबाट ३५ घरधुरीमा लगाएको पाँच सय ५० वटा गाँजाको बोट फडानी गरिएको छ।

यसैगरी गत बुधवार इलाका प्रहरी कार्यालय रुपनी र जिल्ला प्रहरी कार्यालयको संयुक्तले रुपनी गाउँपालिका वडा नं। ६ र शम्भुनाथ नगरपालिका वडा नं। १ बाट २५ घरधुरीमा लगाएको पाँच सय गाँजाको बोट फडानी गरिएको थियो।

गत सोमवार पनि राजविराज नगरपालिका वडा नं ९ मा १५ घरधुरीमा लगाएको एक हजार गाँजाको बोट फडानी गरि आगो लगाएर नष्ट गरिएको डिएसपी रिमालले जानकारी दिए। एक साता अघि सप्तकोशी नगरपालीका गाँजा नष्ट गरिएको थियो। उक्त क्षेत्रमा स्थानीय जनप्रतिनिधिको घरमा समेत गाँजा फेला परेको थियो।


## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

**हाम्रा सेवाहरुः**

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स–रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

**बिशेषज्ञ डाक्टर**

- डा. संदीप शर्मा, हाड–जोर्नी, नशा तथा बाथ रोग
- डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग
- डा. बरुण देव, नाक–कान तथा घाटी रोग बिशेषज्ञ




## जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०



## बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– ब्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔ ।
– आफना चौपायहरू जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**



## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरू**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

**सम्पर्क स्थान**

**N/C/ Bose** (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ। मौकाको फाईदा उठाउनु होला।

**प्रो.केदार श्रेष्ठ**
**माता मनकामना इन्टरप्राइजेज**
**सप्तकोसी नपा-१, फत्तेपुर**
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।








## Complete Mobile & Computer Concern

extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com

